**बागमती प्रदेश सरकार**

**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय,हेटौंडा।**

**मा.मन्त्री कन्चन चन्द्र बादेज्यूको कार्यकालमा हासिल भएका प्रमुख उपलब्धिहरु**

## १.सन्दर्भ

नेपालको संविधानले तीन तहको शासकीय स्वरूप व्यवस्था गरे बमोजिम प्रदेश सरकारको स्थापना भएको हो।साविकको सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारीहरुमा शिक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता र विज्ञान प्रविधि रहेको थियो। प्रदेश सरकारको निर्णय बमोजिम साविकको स्वास्थ्य, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिबी निवारण क्षेत्र एकिकृत गरी २०८३ साउन १ गते देखि स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय स्थापना गरिएकोछ।खासगरी नागरिकलाई सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराई जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्गता भएका तथा अशक्त नागरिकलाई सम्मानपूर्ण व्यवहार र विशेष सुविधा उपलब्ध गराउनु, विज्ञान र प्रविधिको क्षेत्रमा खोज र नवप्रवर्तनमा जोड दिनु र गरिबी निवारण गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ।यस सन्दर्भमा माननीय मन्त्रीज्यूको कार्यकाल मिति २०८२।०४।३० देखि २०८३।०५।०१ सम्म सम्पन्न गरिएका प्रमुख उपलब्धीहरु समेटी यो प्रतिवेदन तयार गरिएको हो।

## २. मन्त्रालयको कार्य जिम्मेवारी

यस मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता र विज्ञान प्रविधि क्षेत्र रहेका छन्।२०८३ साउन देखि स्वास्थ्य, युवा तथा खेलकुद र गरिबी निवारणको क्षेत्र समेत थप भएको छ ।

## ३.प्रमुख उपलब्धीहरु

यस मन्त्रालयको कार्य जिम्मेवारी अनुरुप नीतिगत र योजनागत लक्ष्य प्राप्तिका लागि मन्त्रालय र मातहतका कार्यालयहरुबाट प्रभावकारी कार्यान्वयन गरी लक्षित सुमदायसँग लाभ पुग्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ। मा. मन्त्री कन्चन चन्द्र बादेज्यूको कार्यकालमा गरिएका प्रमुख उपलब्धिहरु निम्नानुसार उल्लेख गरिएको छ।

**३.१ नीति तथा कानून तर्जुमा : प्रदेश विनियोजन ऐन अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ मा २० ओटा विधेयक स्वीकृत**

**३.२ शिक्षा क्षेत्र तर्फ**

- बागमती विश्वविद्यालय अन्तर्गत छ ओटा आङ्गिक क्याम्पस स्थापना र सञ्चालन भएको ।प्रदेश सरकारले देहायका सामुदायिक क्याम्पसलाई विश्वविद्यालयका आङ्गिक क्याम्पसको रुपमा स्वीकृत गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेको छ ।

- आङ्गिक क्याम्पस, क्याम्पसमा सञ्चालित कार्यक्रमहरु र अध्ययनरत विद्यार्थी संख्याको विवरण

| क्र.सं. | क्याम्पसको नाम | सञ्चालन | शैक्षिक सत्र | शैक्षिक सत्र | जम्मा |
|---|---|---|---|---|---|

| | | भएका कार्यक्रमहरू | २०८२/०८३ को विद्यार्थी सङ्ख्या | २०८३/०८४ को नयाँ भर्ना सङ्ख्या | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | भुवानीशङ्कर क्याम्पस, खैरहनी चितवन | BBA | 41 | 65 | 283 |
| | | BEd | 42 | 15 | |
| | | BIT | 28 | 22 | |
| | | LLB | 55 | - | |
| | | BALLB | - | 15 | |
| २. | जनमैत्री क्याम्पस, कुलेश्वर काठमाडौ | BBA | 37 | 29 | 241 |
| | | BEd | 31 | 12 | |
| | | BIT | 19 | 40 | |
| | | LLB | 55 | - | |
| | | BALLB | - | 15 | |
| | | BPM | - | 3 | |
| ३. | कपन क्याम्पस, कपन काठमाडौं | BBA | 22 | 15 | 123 |
| | | BEd | 23 | 20 | |
| | | BIT | 20 | 23 | |
| ४. | हेटौंडा क्याम्पस, हेटौंडा मकवानपुर | BBA | 13 | 41 | 294 |
| | | BEd | 26 | 40 | |
| | | LLB | 55 | - | |
| | | BIT | - | 61 | |
| | | BHM | - | 38 | |
| | | BALLB | - | 20 | |
| ५. | माडी क्याम्पस, माडी चितवन | BBA | 20 | 15 | 97 |
| | | BEd | 42 | 20 | |
| ६. | चैतन्य क्याम्पस, बनेपा काभ्रे | BIT | 9 | 21 | 81 |
| | | BEd | 28 | 13 | |
| | | BBA | - | 10 | |
| **जम्मा** | | | **566** | **553** | **1119** |

- प्रदेश उच्च शिक्षा ऐन २०७८ को पहिलो संशोधनका लागि प्रदेश सभामा पेश गरिएको
- बागमती प्रदेश विश्वविद्यालय (पहिलो संशोधन) विधान, २०८२
- बागमती प्रदेश विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सञ्चालन सम्बन्धी विनियम, २०८२
- बागमती प्रदेश विश्वविद्यालय शैक्षिक प्रशासन तथा संगठन सम्बन्धी विनियम, २०८२
- बागमती प्रदेश विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी विनियम,२०८२
- सार्वजनिक विश्वविद्यालयका आंगिक क्याम्पस छनोट सम्बन्धी मापदण्ड,२०८२
- शैक्षिक छात्रवृत्ति निर्देशिका २०८३ स्वीकृत

- शैक्षिक छात्रवृत्ति निर्देशिका २०८३ बमोजिम प्राविधिक उच्च शिक्षामा अध्ययनरत विपन्न र सिमान्तकृत समुदायका देहायका ७ जना (मेडिकल डाक्टर (MBBS) , भेटेनरी डाक्टर (BVS c), कृषि (BSc. Ag) र सिभिल इन्जिनियरिङ (B.E) विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको
- प्रदेश TEVT रणनितिक योजना २०८२/०८३-२०८६/०८७ स्वीकृत
- वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी निर्दशिका २०८३ तर्जुमा गरी राय सहमतीका लागि आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयमा पठाइएको।

**३.३ सामाजिक विकासको क्षेत्रतर्फ**

- प्रादेशिक अपाङ्गताको नीति २०८३ स्वीकृत
- दलितको सशक्तिकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न प्रदेश सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमती प्राप्त भएको
- अपाङ्गगता भएका व्यक्तिको सशक्तिकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न प्रदेश सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमती प्राप्त भएको
- महिलाको हक सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरी राय सहमतीका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाइएको
- सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत
- **सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गरिएको**
- बालबिवाह अन्त्य सम्बन्धी रणनीति तथा कार्ययोजना २०८३ प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरीएको
- प्रदेश बालबालिका नियमावली, २०८३ मस्यौदा तर्जुमा गरी राय सहमतीका लागि आन्तरिक, कानुन तथा सहकारी मन्त्रालयमा पठाइएको
- **मानव बेचविखन विरुद्धको प्रादेशिक नीति २०८० को कार्ययोजना २०८३ स्वीकृत।**

**३.४ विज्ञान तथा प्रविधिको क्षेत्रतर्फ**

- विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष नियमावली,२०८३ स्वीकृत
- विज्ञान प्रविधि तथा नवप्रवर्तन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत
- विज्ञान प्रविधि तथा नवप्रवर्तनका लागि आइडीया प्रस्ताव माग गरिएकोमा ५५ प्रस्तावहरु प्राप्त भइ प्राविधिक मूल्यांकनका आधारमा प्रारम्भिक चरणमा ३१ ओटा आइडिया प्रस्ताव पूर्ण प्रस्तावका लागि छनोट गरिएको ।

**३.५ बार्षिक वित्तिय प्रगति : साविकको सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०८३।०८४ को वित्तिय प्रगति ७२.७८ प्रतिशत भएको।**

३.६ <u>आर्थिक वर्ष २०८२।०८३ मा सम्पादन गरिएका प्रमुख कार्यहरु</u>

### ३.६.१ सामाजिक क्षेत्रतर्फ

क) उत्कृष्ट १० ओटा महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग

ख) बालविवाह एवं श्रममा संलग्न तथा सडक बालबालिका खोजी, उद्धार, पुनःर्स्थापना तथा पुनर्मिलनका लागि मकवानपुर र काठमाडौंमा रहेको बाल हेल्पलाइन (१०९८) सञ्चालन सहयोग उपलब्ध गराइएको

ग) बौद्धिक अपाङ्गता भएका व्यक्ति अटिजम र मस्कुलर डिस्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाहरुलाई पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरुमा स्वयंसेवक थेरापिस्टका लागि अनुदान

घ) सामाजिक क्षेत्रसँग सम्बन्धित उदाहरणीय तथा खोजमूलक समाचार सङ्कलनका लागि क्षमता अभिवृद्धि र प्रवर्द्धन गर्न महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित खोजमूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई विद्वतवृत्ति (Fellowship) कार्यक्रम सञ्चालन

ङ) अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायता सामग्रीको व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको पुनःर्स्थापना तथा संरक्षण गर्न देहाय बमोजिमका अपाङ्गता भएका ७८ व्यक्तिहरुलाई देहायबमोजिमका ह्विल चियर, कृतिम खुट्टा, कृतिम हात, क्यालिपर लगायतका सहायता सामग्री वितरण विवरण

च) बागमती प्रदेशका महिला कर्मचारीहरुको प्रतिभाको पहिचान र विकास कार्यक्रम  सञ्चालन

छ) ज्येष्ठ नागरिहरुको ज्ञान सीप तथा अनुभवको पुस्तान्तरण कार्यक्रम, अन्तरपुस्ता संवाद तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,

ज) नेपाल सरकारसँगको साझेदारीमा प्रत्येक प्रदेशका महिला उद्यमी तथा महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम अन्तर्गत २० जना महिला उद्यमीहरू र ३ वटा महिला उद्यमी समूहलाई अनुदान उपलब्ध गराइएको,

झ) नेपाल सरकारको साझेदारीमा माइती नेपाल-काठमाडौंलाई अक्षय कोष स्थापना

ञ) १६ स्थानीय तहमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम

### ३.६.२ शिक्षा क्षेत्र तर्फ

क) शिक्षक तालिमः आधारभूत र माध्यमिक तहमा कार्यरत ४८७२ जना शिक्षकलाई तालिम

ख) बागमती प्रदेश अन्तर्गतका ११९ वटै स्थानीय तहका शिक्षा अधिकृतहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको

ग) सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासमा कार्यरत १३५ जना शिक्षकलाई १० दिने आवासीय बुटक्याम्प सम्पन्न गरिएको

घ) गणित विषयका ५८ शिक्षक र विज्ञहरुको सहभागितामा एक दिवसीय सम्मेलन सम्पन्न ।

ङ) १० ओटा स्थानीय तह अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा

च) २२ विद्यालयहरुमा बालविकास केन्द्रको स्तरोन्नति कार्यक्रम

छ) सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम

ज) ४ ओटा सामुदायिक पुस्तकालयहरुको सबलीकरण

झ) १६ विद्यालयमा सिक्दै कमाउदै,कमाउदै सिक्दै कार्यक्रम

ञ) २४ विद्यालय तहमा नैतिक शिक्षा प्रबर्द्धन र सिपमूलक शिक्षा कार्यक्रम

ट) १० विद्यालयमा विद्यार्थीहरुका लागि AI र साइबर सेक्युरेटी सम्बन्धी कार्यक्रम

ठ) बागमती प्रदेशभित्र सञ्चालनमा रहेका १७५ सामुदायिक क्याम्पसहरु मध्ये केही सामुदायिक क्याम्पसको भौतिक पूर्वाधार निर्माण गरिएको छ भने २८ सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको

ड) ४८१ ओटा शैक्षिक परामर्श, पूर्वतयारी कक्षा र भाषा शिक्षण गर्न अनुमति प्रदान गरिएका संस्थाहरुको र ४१९ नविकरण

ढ) ३० विद्यालयमा विद्यालय सुधार योजना (SIP) अनुदान मार्फत विद्यालय सुधारयोजना तर्जुमा

ण) करिव ५००० जना लाई विभिन्न तहको सिपमुलक तालिम सञ्चालन गरिएको

### ३.६.३ सामाजिक विकास मन्त्रालय र अन्तरगतका निकायबाट सम्पादित कार्यहरुको विवरण

| क्र.स. | क्रियाकलाप/कार्यालय | संस्था/जना |
|---|---|---|
| 1 | विद्यालय घेरावार/शौचालय/भवन छात्रावास/स्वच्छ खानेपानी/विद्यालयखेलमैदान/कक्षाकोठा निर्माण | ४४८ |
| २ | भौतिक निर्माण/पूर्वाधार विकास/ सुधार (विद्यालय/शिक्षालय/क्याम्पस) | 143 |
| ३ | ICT Lab र स्मार्ट बोर्ड खरिद भएका विधालय | 62 |
| ४ | विपद्बाट क्षति भएका विद्यालयको पुन निर्माण | 79 |
| ५ | सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धिको लागि अनुदान प्राप्त क्याम्पस | २८ |
| ६ | विज्ञान प्रयोगशाला निर्माण भएको विधालय संख्या | 4 |
| ७ | सिपमुलक तालिम | ५००० |

**४. सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण: मन्त्रालय र मातहतका कार्यालयहरुको संगठनात्मक संरचना, कार्य विवरण तथा दरबन्दी सहितको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन पेश भइ स्वीकृत समेत भएको**

## ५. आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने मुख्य कार्यक्रमहरु

- सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेशको लागि प्राथमिकता
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको शुरुवात
- अनलाइनमार्फत AI based शिक्षक तालिमको शुरुवात
- Learn and do मा आधारित सीपमूलक तालिमको शुरुवात र सीपमूलक तालिम
- उच्च शिक्षामा प्राविधिक शिक्षामा जोड
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम
- न्युन साक्षरता भएका स्थानीय तहमा दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडिएको समुदायको लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम

- प्रदेशस्तरीय पुस्तकालय, अभिलेखालय तथा विज्ञान संग्रहालय स्थापनार्थ सम्भाव्यता अध्ययन
- गरिबी निवारणका लागि आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम
- चेपाङ समुदायको उत्थानका लागि चेपाङ, चिउरी , चमेरो संरक्षण कार्यक्रम
- महिला पत्रकार लेखनवृत्ति कार्यक्रम
- दलित समुदायका जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम
- सामुदायिक शिक्षण संस्थाहरुमा स्मार्ट शिक्षा कार्यक्रम
- नमूना तथा आवासीय विद्यालयमा नैतिक तथा सीप शिक्षा प्रबर्द्धन एवम् गुणस्तर सुधार कार्यक्रम